## दाङ्ग जिल्लाको गढवामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ११२ जना ग्राहक सदस्यहरुको र ७ जना कर्मचारीको सहभागितामा २०७५ फाल्गुण २३ गते दाङ्ग जिल्लाको गढवा गा.पा वडा नं ५ चैनपुरमा **"ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम"** सम्पन्न गरेको संस्थाका.शाखा कार्यालय गढवाका शाखा प्रमुख श्री नन्दकिशोर रामले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षक श्री जिताराम गौतम रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख/कार्यक्रम अधिकृत श्री जिताराम गौतमले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको गढवा शाखा कार्यालयका सहायक श्री जय बहादुर थारुले प्रकाश पारेका थिए ।

यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा व्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम व्यवस्थापन, बिमा, विप्रेषण सेवा, व्यवसायिक योजना, व्यवसायिक योजना बनाउँदा ध्यान दिनु पर्ने कुराहरु, बचतको महत्व तथा बैंकको पब्लिक डिपोजिटको बारेमा, संस्थाले प्रदान गरी रहेका सेवाहरु, आदि बारेमा यस

तालिममा सहभागीहरुले जानकारी हासिल गरेको प्रशिक्षक संस्थाका क्षेत्रीय प्रमुख/कार्यक्रम अधिकृत श्री जिताराम गौतमले बताएका थिए । यसरी यस कार्यक्रम मा हाम्रा मृत्यु भएका ग्रहक सदस्य तथा अभिभाबक का नाममा १ मिनेट मौन धारण गरीएको थियो । यस कार्यक्रममा लोखरपुर्वा केन्द्र नं ८ कि सदस्य डिवली चौधरी का पती राजकुमार चौधरीलाई बिमाको क्षतीपुर्ती वापतको रकम रु ४,६७,०००। को चेक प्रदान गरीएको थियो । यसैगरी क केन्द्र नं २५ कि सदस्य मन्जु आचार्यलाई निजको पती युबराज आचार्य को बिमाको क्षतीपुर्ती वाफतको रकम रु १२,६८३।७५ को चेक प्रदान गरीएको थियो यसैगरी क केन्द्र नं ०५ कि सदस्य सुमीत्रा चौधरीलाई निजका पती ईश्वर चौधरी को बिमाको क्षतीपुर्ती वाफतको रकम रु १२,६८३।७५ को चेक प्रदान गरीएको थियो ।

यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्थाहो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ पौष मसान्त सम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । व्यवसाय गरी रहेका संस्थाकाग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदानगर्न यस तालिममा सहभागी गराईएको संस्थाका शाखा प्रमुख श्री नन्दकिशोर रामले जानकारी गराएका थिए ।